"विविधतायुक्त आउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

# प्रेस विज्ञप्ति

व्यास नगरपालिका तनहुँद्वारा "ऐतिहासिक पर्यटकीय क्षेत्रको पहिचान, व्यास नगरपालिकाको अभियान" भन्ने मुल नाराका साथ अन्तराष्ट्रिय नारी दिवसको अवसरमा २०७७ फाल्गुण २४ गते आयोजना गरिएको महिला खुल्ला हाफ म्याराथन प्रतियोगिता बिहान ८.२२ बजे यस नगरपालिका वडा नं.३ स्थित व्यास अवतरणभूमि व्यास गुफाबाट प्रारम्भ भई व्यास नगरपालिका वडा नं.११ को ऐतिहासिक तनहुँशुर दरवारमा पुगी भव्यताका साथ सम्पन्न भएको छ ।

व्यास नगरपालिका वडा नं.३ व्यास गुफामा उद्घाटन समारोहको अध्यक्षता उपप्रमुख श्री मिरा जोशीले गर्नुभएको उक्त कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सभाका सदस्य श्री आशा कोइरालाले उद्घाटन गर्नु भएको थियो भने व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देलले स्वागत मन्तव्य गर्नु भएको थियो । उक्त कार्यक्रमको सञ्चालन व्यास नगरपालिकाका उपसचिव श्री नगेन्द्रप्रसाद रेग्मीले गर्नु भएको थियो । म्याराथनका विज्ञ द्वय श्री रमेश भट्टचन र श्री कान्छीमाया कोजुले धावकहरुलाई म्याराथन प्रतियोगिताको नियमहरुको बारेमा जानकारी गराउनु भएको थियो । उद्घाटन कार्यक्रमका प्रमुख अतिथि माननीय आशा कोइरालाले ऐतिहासिक पर्यटकीय क्षेत्रको विकासमा टेवा पुर्याउन म्याराथन प्रतियोगिताले सहयोग गर्नेछ भन्दै नारीहरुले अवसर पाएमा जस्तोसुकै काम गर्न पनि पछि पर्ने छैनन् भनी खेलाडीहरुको हौसला बढाउनु भएको थियो भने नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेले कार्यक्रमको बारे जानकारी गराउनु भएको थियो । उक्त उद्घाटन कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य माननीय सरिता गुरुङ, संविधान सभा सदस्य श्री रामचन्द्र पोखेल, भानु नगरपालिकाका प्रमुख श्री उदयराज गौली, जिल्ला समन्वय समितिका उपप्रमुख श्री पवित्रादेवी पौडेल, भानु नगरपालिकाका उपप्रमुख श्री आशा थापा, राजनैतिक दलका प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्य, कार्यालय प्रमुखहरु, पत्रकार, उद्योग वाणिज्य संघका प्रतिनिधि, जनप्रतिनिधि लगायत नागरिक समाजका महानुभावहरुको उपस्थिति रहेको थियो ।

उक्त दौड प्रतियोगितामा देशभरबाट ५७ जना धावकहरुको सहभागिता रहन पुगेको थियो । सो दौड प्रतियोगिताको व्यास गुफादेखि तनहुँशुर दरवारसम्मको दुरी २१ कि.मी. रहेको थियो । सो दौड प्रतियोगिता प्रारम्भ भएको १ घण्टा ४९ मिनेटमा धादिङ जिल्ला निवासी श्री रसिला तामाङ (जर्सी नं.२३) ले सो दुरी पार गरी प्रथम स्थान हासिल गर्न सफल भएकी छन् । त्यसै गरी खोटाङ जिल्ला निवासी श्री प्रिया राई (जर्सी नं.२२) ले १ घण्टा ४९ मिनेट १ सेकेण्डमा सो दुरी पार गरी द्वितीय हुन सफल भएकी थिइन भने कास्की जिल्ला निवासी श्री अनिता राई (जर्सी नं.७) ले १ घण्टा ५५ मिनेट ३२ सेकेण्डमा सो दुरी पार गरी तृतीय स्थान हासिल गर्न सफल भएकी थिइन् । त्यस्तै अन्य सान्त्वना पुरस्कार प्राप्त गर्नुहुने ५ जनामा कालिकोट जिल्ला की श्री विशेस्ता ऐडी (जर्सी नं.१३), तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं.१० की श्री नम्रता गुरुङ (जर्सी नं.१२), तनहुँ जिल्ला ऋषिङ गाउँपालिका की श्री सिता रानाभाट (जर्सी नं.३३), भक्तपुर जिल्ला की श्री आयुषा श्रेष्ठ (जर्सी नं.२४) र ओखलढुंगा जिल्ला की श्री पदमकुमारी सुनुवार (जर्सी नं.१६) रहेकाछन् । कुल सहभागी मध्ये ३३ जना प्रतियोगी धावकहरुले माथि उल्लेखित दुरी पार गरेका थिए ।

२०७७/११/२८

म्याराथन प्रतियोगिता समापन समारोहको अध्यक्षता उपप्रमुख श्री मिराजोशीले गर्नु भएको थियो । नगरपालिकाको तर्फबाट वडा नं.११ का वडा अध्यक्ष श्री निरबहादुर खड्काले प्रमुख अतिथि लगायत अन्य अतिथिहरुलाई स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा तनहुँशुर सामुदायिक होमस्टेका अध्यक्ष श्री के.वि. थापा, पूर्व वडाध्यक्ष श्री समुन्द्र गोदार, पर्यटन विद् श्री हरिसिं गुरुङ, व्यास नगरपालिकाका कार्यकारिणी सदस्य श्री कल्पना पोखेल, वडा अध्यक्षको तर्फबाट श्री तोत्रबहादुर कुंवर, नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने, संविधान सभा सदस्य श्री रामचन्द्र पोखलले शुभकामना मन्तव्य राख्नु भएको थियो । समापन कार्यक्रमका प्रमुख अतिथि माननीय सरिता गुरुङले तनहुँशुर दरवार ऐतिहासिक स्थल मात्र नभई राजनैतिक र बुद्धिजीवी जन्मेको भूमि भएको स्मरण गराउँदै म्याराथन प्रतियोगिताले गाउँबाट अन्यत्र बसाई सर्नेहरुलाई गाउँमानै बसौबसो गराउने एक अभियान हो भन्दै जसको नेतृत्व नेपाली कांग्रेसले मात्र गर्न सक्छ भन्नु भयो । कार्यक्रमको सञ्चालन कार्यकारिणी सदस्य श्री चन्द्रमाया परियारले गर्नु भएको थियो । उक्त प्रतियोगिताका विजेता प्रतियोगीहरुलाई प्रथम, द्वितीय, तृतीय पुरस्कार कमशः रु.४१,०७७, रु.३१,०७७, २१,०७७ र सान्त्वना पुरस्कार ५ जनालाई जनही रु.११,०७७ नगद सहित ट्रफी, प्रमाणपत्र प्रमुख अतिथि, नगर प्रमुख, उपप्रमुख, म्याराथन प्रतियोगिताका विज्ञद्वारा संयुक्त रुपमा प्रदान गरिएको थियो । उक्त अवसरमा राष्ट्रिय धावक श्री रमेश भट्टचन र अन्तराष्ट्रिय महिला धावक श्री कान्छीमाया कोजुलाई सम्मान गरिएको थियो । साथै व्यास गुफादेखि तनहुँशुर सम्मको दुरीपार गर्ने सबै धावकहरुलाई समापन कार्यक्रम स्थलमानै प्रमाणपत्र वितरण गरिएको थियो ।

यस म्याराथन प्रतियोगितामा हर्षोल्लासका साथ सहभागी हुनु हुने सम्पूर्ण धावकहरु, व्यवस्थापनमा सहयोग पुर्‍याउने सम्पूर्ण प्रदेश सभाका माननीय सदस्यहरु, व्यास नगरपालिकाका जनप्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, सुरक्षा निकायका प्रमुख, टोल विकास संस्थाका पदाधिकारी, प्रशिक्षक, कर्मचारी, स्वास्थ्यकर्मी, सम्पूर्ण संचारकर्मी, नगरवासी लगायत दमौली र तनहुँशुरका स्थानीयबासी दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा प्रतियोगितामा विजय हासिल गर्नुहुने सबै धावकहरुमा बधाई ज्ञापन गर्दै सम्पूर्ण उपविजेताहरुलाई सहभागिताका लागि धन्यवाद ज्ञापन गरिएको छ । यस अभियानले धार्मिक पर्यटनको महत्व बोकेको व्यास गुफा र ऐतिहासिक तनहुँशुर दरवारको विकासमा हाम्रो अपेक्षाका प्रति सम्पूर्ण नगरवासीहरुले देखाउनु भएको उत्साहजनक साथ र सहयोगले हामीलाई हौसला प्रदान गरेको छ । आगामी दिनमा पनि यस म्याराथन प्रतियोगितालाई निरन्तरता दिइने प्रतिबद्धता सहित पुनः सबै महानुभावहरुप्रति कृतज्ञताका साथ हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

वैकुण्ठ न्यौपाने
नगर प्रमुख
व्यास नगरपालिका, तनहुँ
२०७७ फाल्गुण २४ गते



Phone No. 065-560162/560163, Fax No.: 977-65-560233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np